


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ कात्तिक १४ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 October 31 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ६९

## सामाजिक सुरक्षा भत्ता वितरणमा ढिलाइ, लाभग्राही चिन्तित

प्रस, सेढवा, १३ कात्तिक/

हिन्दूहरूको महान् चाडपर्वको समयमा पनि सामाजिक सुरक्षा भत्ता नपाउँदा लाभग्राहीहरू निराश बनेका छन्।

चालू आव २०७८/७९ को पहिलो चौमासिकको ज्येष्ठ नागरिक, एकल महिला तथा दलितका लागि बाल संरक्षण र अपाङ्गहरूको भत्ता स्थानीय सरकारले वितरण गरेका छैनन्। जिल्लाको ठोरी, जीराभवानी, जगरनाथपुर, सखुवाप्रसौनीलगायतका पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गरेका छैनन् । जीराभवानी गापा–१ शान्तिनगरका ज्येष्ठ नागरिक दानबहादुर श्रेष्ठले भत्ताकै भरमा औषधोपचार तथा लत्ताकपडा खरीद र चाडपर्व मान्दै आएको बताए । तर भत्ता समयमा नपाउँदा आर्थिक समस्याको सामना गर्नुपरेको श्रेष्ठले गुनासो गरे ।

सखुवाप्रसौनी गापा–१ का एकल महिला जोखनी देवीले हुनेखाने परिवारलाई सामाजिक सुरक्षा भत्ता ढिलो चाँडोले खासै फरक नपारे पनि भत्तामा आश्रितहरूले भने समस्या झेल्नुपरिरहेको बताइन्। उनले भत्ताकै पर्खाइमा बालबच्चालाई नयाँ लुगा खरीद गर्ने आश्वासन दिंदै आएको तर कात्तिक आधा पुग्न लाग्दा पनि भत्ता नपाएकोमा दुःखेसो पोखिन्। उनले चाडपर्व लक्षित गरी यसअघि भत्ता पाउने गरेकामा अहिले कात्तिकमा दीपावली, छठ पर्व नजीकिंदै जाँदा पनि भत्ताको कुनै पत्तो नभएको बताइन्। तिहारमा पनि भत्ता नपाउने हो भने आफूले ठूलो समस्याको सामना गर्नुपर्ने उनले बताइन्।



सामाजिक सुरक्षा भत्ता लिन बसेका सेवाग्राहीहरू। तस्वीरः फाइल/प्रतीक

यसबारे जगरनाथपुर गापाका लेखापाल सञ्जय पटेलले कोलिनिकाबाट सामाजिक सुरक्षा भत्ता निकासा भइसकेको र आइतवारदेखि लाभग्राहीको खातामा रकम पठाउने बताए ।

पटेर्वासुगौली गापाका प्रमुख प्रशासकीय अधिकृत सन्देश यादवले सामाजिक सुरक्षा भत्ता दुई दिन पहिले गइसकेको र बैंकले वितरण गरिरहेको बताए ।

ठोरी गापाका प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठले नेपाल सरकारले लागू गरेको भत्ता वितरण इन्टरनेट प्रणालीको माध्यमबाट अर्थ मन्त्रालयले धान्न नसकेको र ह्याक भएकाले मन्त्रालयबाट पुरानै प्रणाली प्रयोग गरी भत्ता वितरण गर्ने निर्देशन आएकोले ढिलाइ भएको बताए । आइतवारसम्म लाभग्राहीहरूको खाता रकम जाने अधिकृत श्रेष्ठले बताए ।

## ऊर्जा र खानेपानीमा सबैको सहज पहुँच बनाउँछु -मन्त्री शर्मा

प्रस, वीरगंज, १३ कात्तिक/

प्रदेश २ सरकारका खानेपानी तथा ऊर्जा विकासमन्त्री ओमप्रकाश शर्माले देश विकासको मुख्य मेरुदण्ड मानिने ऊर्जा एवं खानेपानीको सहज र निर्बाध पहुँचको लागि प्रदेश सरकार लागिपरेको बताएका छन् ।




नेपाल–भारत विश्वमैत्री सङ्घ वीरगंजद्वारा दीपावली र छठ पर्वको अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा मन्त्री शर्माले प्रदेशको औद्योगिक विकास एवं जनतालाई आवश्यक विद्युत् एवं खानेपानीको सहज आपूर्तिमा प्रदेश सरकार लागिपरेको बताए । उनले प्रदेशलाई ऊर्जा एवं खानेपानीमा आत्मनिर्भर बनाउन मित्रराष्ट्र भारतसमेतको सकारात्मक सहयोगको अपेक्षा रहेको चर्चा गरे ।

कार्यक्रममा वीरगंजस्थित भारतीय वाणिज्यदूत शैलेन्द्र कुमारले नेपाल र भारतबीच सदीयौंदेखि चल्दै आएको मैत्रीपूर्ण सम्बन्धलाई अझ दिगो बनाउनुपर्नेमा जोड दिए । सुख–दुःखमा एकअर्काको सहयोग र सहकार्य आवश्यक रहेको पनि उनको भनाइ थियो। नेपाल–भारत विश्वमैत्री सङ्घको अगुवाइमा द्विदेशीय सम्बन्ध अझ उचाइमा पुग्ने उनले दाबी गरे ।

सङ्घका पर्सा संयोजक धर्मेन्द्र पटेलको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार चन्द्रकिशोर झा, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, नेपाली काङ्ग्रेस पर्साका शहरूमराउत गद्दी, लोसपाका रम्भा मिश्र, कनिका कौशिकलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## महिला हिंसाविरुद्धको रकम फिर्ता हुनु दुःखद –अध्यक्ष पराजुली

प्रस, वीरगंज, १३ कातिक/

सङ्घ सरकारले नारायणी अस्पताललाई दिंदै आएको महिला



तस्वीरः प्रतीक

हिंसाविरुद्धको एकद्वार सङ्कट व्यवस्थापनको रकम लामो समयदेखि फिर्ता पठाउँदै आएको समाचार प्राप्त भएको छ ।

राष्ट्रिय महिला आयोगले नारायणी अस्पतालमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा सरकारले पठाएको रकमको कार्यसूची नपठाएकोले कहाँ खर्च गर्ने निर्क्योल नहुँदा बेरुजू देखिने डरले बर्सेनि रकम फिर्ता पठाउने गरेको मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानले बताए।

जनशक्ति अभाव र विविध खर्च शीर्षकमा सङ्घ र प्रदेशबाट रकम आउँछ, कहाँ र कसरी खर्च गर्ने कार्यविधि आउँदैन, त्यसैले सो शीर्षकमा आउने रकम खर्च हुन नसकेर फिर्ता पठाउने गरेको उनले बताए। १५० शय्याको अस्पताल अहिले दोब्बरी अर्थात् तीन सय शय्यामा सञ्चालन भएको र जनशक्ति अभावमा विभिन्न शीर्षकमा आउने गरेको रकम फिर्ता हुने गरेको उनले बताए ।

कार्यक्रममा महिला आयोगकी अध्यक्ष कमला पराजुलीले हिंसामा परेका महिलाहरूको उपचार खर्चको लागि नेपाल सरकारले आवश्यकता अनुसार रकम पठाउने गरेको बताइन्। हिंसामा परेका महिलाहरूको उपचार खर्च गर्न पीडक वा परिवारले दिन नमानेपछि सङ्घ सरकारले प्रतिवर्ष पठाउने गरेको २० लाख रुपैयाँ अस्पताल प्रशासनले खर्च नगरेकोमा उनले दुःख व्यक्त गरिन् । महिला आयोगले सङ्घ सरकारसँग बढीमा ५० लाख रुपैयाँ पठाउनुपर्नेमा जोड दिइरहेको बेला पठाएको रकम खर्च नभएर फिर्ता गइरहेको घटनाले आफूलाई दुःखी तुल्याएको उनले बताइन् । कार्यक्रममा प्रहरी नायब उपरीक्षक प्रहलाद कार्कीले हिंसामा परेका महिलालाई अहिले माइती नेपालले खाना, बास तथा उपचार खर्च दिंदै आएको बताए। बढी खर्च लाग्ने भएमा आफूहरूले दातासँग समन्वय गरी पीडित महिलाहरूको उपचार गर्ने गरेको उनको भनाइ थियो ।

हिंसामा परेका महिलाहरूलाई अस्पतालभित्र छुट्टै भवन वा शय्याको व्यवस्था गरी उपचार भएमा प्रमाण नमेटिने तथा पीडितहरूको पहिचान यथास्थितिमा रहने उनले सुझाव दिए । अस्पतालमा उपचारका लागि हिंसा पीडित महिलालाई ल्याउँदा स्वास्थ्यकर्मीहरूको हेर्ने दृष्टिकोण नै फरक हुने गरेको उनको आरोप थियो ।

कार्यक्रममा पर्सा बारका पूर्वअध्यक्ष प्रमोद प्रसाद, आयोगकी सदस्य विद्याकुमारी सिन्हा, स्वास्थ्यकर्मी हेमा चौधरी, माधवी चौधरी, अधिकारकर्मी लक्ष्मी उप्रेतीलगायतले आआफ्नो धारणा राखेका थिए ।

## प्रधानन्यायाधीशबारे गठबन्धनको सामूहिक निर्णय आउँछ –अध्यक्ष प्रचण्ड

प्रस, जनकपुरधाम, १३ कात्तिक/


नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सर्वोच्च अदालतमा प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराबारेको विवाद सम्बन्धमा गठबन्धन दलले साझा निर्णय गर्ने बताएका छन् । शनिवार जनकपुरधाम पुगेका प्रचण्डले विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै गठबन्धनका मुख्य नेताहरू राजधानीबाहिर रहेकाले साझा धारणा बनाउन विलम्ब भएको भन्दै उनले केही दिनमैं बैठक बसेर साझा निर्णय गरिने बताए । सर्वोच्च अदालतका न्यायाधीशहरूसँगै नेपाल बार एशोसिएशन, पूर्वप्रधानन्यायाधीशहरू, साथै विभिन्न क्षेत्रका व्यक्तिहरूले प्रधानन्यायाधीशले राजीनामा दिनुपर्ने माग गर्दै आएका छन्। प्रधानन्यायाधीशले भने आफू संवैधानिक प्रक्रियाबाट आएकोले संवैधानिक प्रक्रियाबाटै हटाउन चुनौती दिंदै आएका छन्। सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष प्रचण्डले प्रतिपक्षी दल संविधानको मर्म र भावना विपरीत संसद्मा प्रस्तुत भएको आरोप लगाउँदै अब अध्यादेशबाटै महत्त्वपूर्ण विषयका विधेयकहरू ल्याइने बताए। उनले प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकार पूरा कार्यकाल चल्ने दाबी गर्दै गठबन्धनभित्र कुनै विवाद नरहेको जिकिर गरे । आसन्न राष्ट्रियसभा निर्वाचनमा पनि पाँच दलीय गठबन्धन मिलेरै जाने सैद्धान्तिक सहमति भइसकेको उनले जानकारी दिए ।

सर्लाहीमा आयोजित कार्यक्रममा सहभागी हुन आएका पूर्वप्रधानमन्त्री प्रचण्डले अर्ली इलेक्शन हुने कुनै सम्भावना नरहेको भन्दै उनले गठबन्धन भित्रकै पार्टीले आआफ्नो प्रभाव विस्तार गर्न खोज्नु स्वाभाविक भएको बताए ।

**जनगणना गर्ने अवधि**

कात्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## विचारसार र सूक्तिहरू

**प्रत्येक व्यक्ति एक महान् ग्रन्थ हो, यदि तपाईं त्यसलाई पढ्न सक्नुहुन्छ भने ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# एकान्त र एक्लोपनमा छ धेरै अन्तर

एकान्त र एक्लोपनमा धेरै फरक छ । दुवै उस्तै देखिन्छन्, तर त्यस्तो होइन। एकान्त र एक्लोपन दुवैमा हामी एक्लै हुन्छौं, तर यी दुईमा फरक के छ त ? कसैले पनि हामीलाई बुझ्न चाहेका छैनन् वा हामी अरूलाई बुझाउन सकिरहेका छैनौं । यिनै उद्वेलित भावनाहरूको परिणाम हामी एक्लोपन महसूस गर्छौं ।

**भीडमा एक्लोपन यसैले हुन्छस किनभने हामी मानिसहरूसँग अर्थपूर्ण सम्बन्ध स्थापित गर्न सक्दैनौं र सम्बन्ध बनाउन सक्दैनौं र हामी सामञ्जस्य राख्न सक्दैनौं । जब हामी अरूहरूसँग सामञ्जस्य एवं सहज सम्बन्ध बनाउन सक्षम हुन्छौं, तब भीडमा एक्लोपन महसूस गर्दैनौं ।**

धेरै अन्तर छ, दुवैको बीचमा। एक्लोपन तब हुन्छ, जब हामी आफू एक्लो भएर व्यथित हुन्छौं, दुःखी हुन्छौं, चिढचिढा हुन्छौं। हाम्रो मन त्यो एक्लोपनबाट भाग्न थाल्छ र प्रियजनहरूको भीडमा समाहित हुन चाहन्छ । एक्लोपनमा दुःखद र पीडादायी अनुभव हुन्छ । एकान्त त्यो हो, जहाँ हामी एक्लै हुँदा प्रसन्न एवं खुशी हुन्छौं। एकान्तले हामीलाई शान्ति प्रदान गर्दछ। एकान्तमा हाम्रो जीवनको सुमधुर सङ्गीत प्रकट हुन्छ ।

एक्लोपन साधारण व्यक्तिको जीवनको सहज घटना हो। सामान्यतया व्यक्तिले एक्लोपन अनुभव गर्दछ; जबकि एकान्त योगीको साथी–सहचर हो। सामान्य मानिस एक्लोपनबाट डराउँछ र यसबाट बच्न चाहन्छ र यसबाट बच्न भीडतिर दौडिन्छ । उसको लागि एक्लोपन कुनै सजायभन्दा कम हुँदैन; किनकि उसको मनले कहिले पनि एक्लोपनको यो अनुभवलाई सहन सक्दैन। यसको विपरीत योगीलाई कहिल्यै पनि एक्लोपन महसूस हुँदैन, बरु उसलाई भीडसँग समस्या हुन्छ; किनभने योगीले एकान्तमा नै आफ्नो अन्तर्यात्राको सुरुआत गर्दछ, उसका सबै आन्तरिक विभूतिहरू उसलाई एकान्तमा नै उपलब्ध हुन्छन्।

सामान्यतया सबैले आफ्नो जीवनमा एक्लोपनको अनुभव गर्छन्, तर लामो समयसम्म यसको अनुभवले अनगिन्ती समस्याहरू जन्मिन्छन्। लामो समयसम्म एक्लोपनको अनुभव गर्दा हाम्रो मन–मस्तिष्कमा नकारात्मक असर पर्छ। एक्लोपन–तनाव, चिन्ता र अवसादको कारण बन्दछ। यी मनोविकारहरूले हाम्रो समग्र व्यक्तित्वलाई प्रभावित गर्छ र हाम्रो व्यक्तित्व कुण्ठाग्रस्त हुन्छ। जसले गर्दा हाम्रो व्यक्तित्वको विकास पनि अवरुद्ध हुन्छ ।

एक्लोपन महसूस गर्नुका धेरै कारण छन्, जस्तै– पारिवारिक समस्या, सामाजिक समस्या, वैयक्तिक समस्या, प्रियजनहरूबाट टाढा हुनु वा उनीहरूको उपेक्षा, भीडमा आफूलाई एक्लै पाउनु आदि । कतिपटक यस्तो पनि अनुभव हुन्छ कि हामी स्वयम्लाई भीडमा एक्लै पाउँछौं । भीडमा कोही पनि आफ्नो लाग्दैनन् र हामी कुनै कुनामा खडा हुनको लागि विवश हुन्छौं ।

भीडमा एक्लोपन यसैले हुन्छ; किनभने हामी मानिसहरूसँग अर्थपूर्ण सम्बन्ध स्थापित गर्न सक्दैनौं र सम्बन्ध बनाउन सक्दैनौं र हामी सामञ्जस्य राख्न सक्दैनौं। जब हामी अरूहरूसँग सामञ्जस्य एवं सहज सम्बन्ध बनाउन सक्षम हुन्छौं, तब भीडमा एक्लोपन महसूस गर्दैनौं । एक्लोपनको सबैभन्दा ठूलो कारण हो– आफ्नो मन र भावनाहरूमा नियन्त्रण नहुनु। जब पनि हाम्रा भावनाहरू उद्वेलित एवं आन्दोलित हुन्छन्, तब लाग्छ कि प्रियजनहरूको भीडमा हामी स्वयम्लाई एक्लो उभिएको पाउँछौं, र लाग्छ कि कोही आफ्ना छैनन्। यदि यस्तो स्थिति लामो समयसम्म रहिरहन्छ भने, हामी अवसादले घेरिन्छौं र हामी गम्भीर मानसिक रोगहरूको तर्फ अग्रसर हुन्छौं।

एक्लोपन विशुद्धरूपले मानसिक एवं भावनात्मक समस्या हो। जब हामीलाई लाग्छ कि कसैविना हामी अधूरो छौं, कसैविना हाम्रो जीवन खाली लाग्न थाल्छ, तब हामी एक्लोपन महसूस गर्छौं । एक्लोपन अर्थात् अपूर्णता एवं शून्यता। एक्लोपन अर्थात् आफ्नो जीवनमा जम्मा भीडलाई गुमाउने चिन्ता, प्रियजनहरूसँग टाढा हुने चिन्ता। एक्लोपनले हामीलाई भावनात्मकरूपले अतृप्त गर्दछ र हामी एक्लोपनलाई भगाउनका निम्ति अनेक उपायहरू खोज्छौं । सङ्गीत सुन्छौं, कसैसँग मोबाइलमा कुरा गर्न थाल्छौं, वाट्सएप, फेसबूक आदिमा आफूलाई व्यस्त बनाउँछौं।

त्यसो हुन नसक्दा हामी एक्लोपनसँग डराउन थाल्छौं र यी सबै उपाय त्यो डरलाई भगाउन गर्छौं। जब हामी भावनात्मकरूपमा सन्तुष्ट र स्थिर हुन्छौं, तब कहिल्यै पनि एक्लोपनसँग हाम्रो सामना हुँदैन ।

जब हामी आफ्नो मन पर्ने काममा व्यस्त हुन्छौं, तब पनि हामी कहिल्यै एक्लो अनुभव गर्दैनौं । जुन काममा हामीलाई मन लाग्दैन, त्यो काम हामीलाई बोझ लाग्न थाल्छ र हामी त्यहाँ आफूलाई एक्लै उभिएको पाउँछौं। लाग्छ कि यो काम छोडेर कतै जाऊँ वा कसैसँग कुरा गरौं वा अरू केही गरौं । एक्लोपनको समुचित एवं सहज समाधान भनेको हामीले आफ्नो मनलाई शान्त पार्नु र भावनाहरूलाई स्थिर राख्नु हो । जसले आफ्नो मनमाथि नियन्त्रण गर्न सक्छ, जसले आफ्ना भावनाहरूलाई स्थिर राख्न सक्छ, उसलाई कहिले पनि एक्लोपन महसूस हुँदैन र एकान्तमा रमाउन थाल्छ। उसको लागि एक्लोपन कुनै महत्त्वपूर्ण उपलब्धिभन्दा कम हुँदैन। एकान्तमा ऊ आफ्नो जीवनको उद्देश्य एवं लक्ष्यसँग परिचित हुन थाल्छ। उसले आफ्नो जीवनको दिव्य सङ्गीत यसै एकान्तमा सुन्न सक्छ ।

एक्लोपनलाई एकान्तमा परिणत गर्न सकिन्छ, रूपान्तरित गर्न सकिन्छ। जब मनलाई शान्त र भावनालाई स्थिर गर्न सकिन्छ भने एक्लोपनको खाली एकान्तको सरगममा बदलिएर एक दिव्य सङ्गीतको सिर्जना गर्छ र सङ्गीतको यस स्वरमा एक्लोपन पानीको फोका समान हराएर जान्छ, तब कतै कसैलाई खोज्नुपर्ने आवश्यकता पर्दैन र न कतै जानुपर्छ, न कसैलाई बोलाउनुपर्छ, न कसैमा आत्मीयताको खोजी हुन्छ । एकान्तमा अनगिन्ती रहस्यहरूले भरिएको जीवनको परत–दर–परत खुल्न थाल्छ र अज्ञात विभिन्न आयामहरू प्रकट हुन थाल्छन्।

एक्लोपनमा जे सोचेर भय उत्पन्न हुन थाल्छ, र त्यो भयबाट भाग्न मन लाग्छ, पलायन हुन मन लाग्छ, त्यही एक्लोपन एकान्तमा परिणत हुन्छ भने जीवनको वास्तविकतासँग हाम्रो परिचय भएर हामीभित्र कति अद्भुत एवं आश्चर्यजनक विभूतिहरू भरिएका छन्, कति रहस्यहरू लुकेका छन्, कति परतहरू चढेका छन्, ती सबै एकान्तमा बिस्तारै–बिस्तारै प्रकट हुन थाल्छन्।

एकान्तमा मात्र जीवनको गहिराइमा प्रवेश गर्न प्रारम्भ हुन्छ। जसरी समुद्रमा अथाह छालहरूको जलधार बनिरहन्छ र ती छालहरूलाई हेरेर कल्पना पनि गर्न सकिँदैन कि समुद्रभित्र बहुमूल्य रत्नहरूको खानी छ, बहुमूल्य वस्तुहरू छन्, तर जो ती छालहरूलाई चिरेर समुद्रभित्र प्रवेश गर्छ, उसले यी सबै प्राप्त गर्छ । ठीक यसै प्रकार बाहिरी जीवनको कोलाहलबाट टाढा एकान्तमा प्रवेश गरेपछि वास्तविकताबाट परिचित भइन्छ र यसका रहस्यहरू खुल्न थाल्छन्। यी सबै एकान्तमा मात्र सम्भव छ ।

तसर्थ एक्लोपनबाट पलायन हुनुपर्ने कुनै जरुरी छैन, तर आवश्यकता छ कि यसलाई सहजताले एकान्तमा परिणत गर्न। एकान्तमा जीवनको सौन्दर्य मुखर हुन्छ, जस्तो कि एकजना कविले लेखेका छन्–

मुकुल–मुकुलमा विलास,
कलि–कलिमा हास,
तृण–तृणमा तरल लाश,
अधरहरूमा जीवनको मुस्कान,
स्वागत जीवन १ आज,
श्रीसुखको सजावट,
एकान्त मौनको रहस्य,
भय एक्लोपनको टाढा ।

# सङ्घर्षमा मज्जा नै अर्को छ !


स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला
(PhD Scholar)
koiralarp46@gmail.com


**कहिलेकाहीं आफूभन्दा सानाले भनेको कुरा पनि मान्नुपर्दछ। आफ्नो चित्त सफा राखौं । सबैको भलो चिताऔं । सुविचार राखौं, जे हुनुपर्ने छ, त्यो भएर नै छाड्छ । हामीले हुने कुरालाई टार्न सक्दैनौं । जे छ त्यसैमा सन्तोष गर्न सिक्नुपर्दछ । भविष्यको किन चिन्ता गर्ने ?**

जीवन एउटा सुन्दर चुनौती हो । जीवनको बाटो सोझो, पूर्वनिर्धारित र निर्मित हुँदैन, बरु यो निर्माणाधीन हुन्छ। त्यहाँ असफलता नामको अनुभव हुन्छ। द्विविधा नामको दोबाटो हुन्छ, गति नामको साथी, सचेत व्यक्तिका रूपमा परिवार, आम्दानीको रूपमा कर्म । यति हुँदाहुँदै पनि जगेडाको रूपमा प्रतिबद्धता र अठोट, इन्जिनको रूपमा सञ्चिति, बीमाको रूपमा विश्वास, अनि चालकको रूपमा आफ्नै सुकर्म भयो भने सफलता भन्ने ठाउँमा पुगिन्छ। जीवन सङ्घर्षपूर्ण छ, सङ्घर्षको बाटो पार गरेर आएको मानिसले नै जीवनमा आइपर्ने अप्ठ्याराहरूसँग मुकाबिला गर्न सक्छ। त्यसैले भनिएको पनि छ–

सजिलो बाटोले दक्ष चालक बनाउन सक्दैन,
शान्त तलाउले दक्ष डुङ्गा चालक बनाउन सक्दैन,
सफा आकाशले दक्ष पाइलट जन्माउन सक्दैन,
समस्या नभोगेको मान्छे कहिल्यै पूर्ण मान्छे बन्न सक्दैन ।

त्यसैले हामीले हाम्रो जीवन कस्तो बनाउने भन्ने कुराको निर्धारण गर्न जरुरी छ । उद्देश्यविहीन र गन्तव्य निर्धारण नगरी हिंडिएको बाटो जता पनि जान सक्छ र हामी नचाहेको ठाउँमा पुग्छौं। फेरि हरेक मान्छे नयाँ बाटो निर्माण गर्न सक्षम छ । अरूले हिंडेको पुरानो बाटो मात्र हिंड्ने तर नयाँ गन्तव्यको आशा गर्ने मानिसभन्दा महामूर्ख को हुन सक्छ ? अरू हिंडेको बाटो हिंड्दा अरू जहाँ पुग्छन्, आफू त्यहीं पुगिन्छ। हामीले संसारलाई नयाँ आँखाले हेर्न सिक्नुपर्दछ। कुनै पनि समस्या उस्तै तहको सजगताबाट समाधान हुन सक्दैन । जसले यो सिर्जित गरेको छ, उसले नै समाधान गर्न सक्छ। त्यसैले नवीनतम मार्गको खोजीमा लाग्दा आनन्द र रोमाञ्चकता दुवै प्राप्त हुन्छ।

एकपटक मनन गरौं त । नेपालमैं हाम्रै टोलछिमेकमा नै सङ्घर्षले माझिएका कैयौं सफल र असल मनिसहरू छन् । उनीहरूले आशावादी भएर नयाँ मार्गको खोजी गरे र सफलता पनि प्राप्त गरे। एकपटक झमक घिमिरेको जीवनी हेरौं, उनको सङ्घर्षलाई मनन गरौं। उनको लगनशीलता, प्रतिबद्धता, क्रियाशीलता र सिर्जनशीलता संसारका कुनै सामान्य व्यक्तिभन्दा कम छैन। आखिर नियतिले ठगे पनि कर्म र सोचको बलमा प्राप्त हुने नतीजालाई त कसैले रोक्न सक्दो रहेनछ नि। त्यसैले राष्ट्रकवि माधव घिमिरेले भनेका छन्–

ढुङ्गाको काप फोरेर पनि उम्रिन्छ पीपल,
सिर्जना शक्ति संसारमा कहिल्यै हुँदैन विफल ।

हामी सबैले आफ्नो जीवनबारे केही अध्ययन, मूल्याङ्कन र पुनरावलोकन गर्न जरुरी हुन्छ। मेरो विगत जीवन निरर्थक वा सामान्य, उपलब्धिमूलक वा गौरवपूर्ण कस्तो रह्यो भनेर आफैंले प्रश्न गर्नुपर्दछ।

हरेक मानिसमा मानवीय भावना र सफलताका सयकडौं खुट्किलाहरू रहेका हुन्छन् तर ती ढोका खोलेर अधिकतम सदुपयोग चाहिं सकारात्मक प्रवृत्ति र व्यवहार भएकाले मात्र गर्न सक्छन्। यो यथार्थलाई बुझेर आफ्ना विगतका सुन्दर र सफल कुराहरूबाट उत्प्रेरणा लिन सकियो भने वर्तमान आफैं सुन्दर भएर आउँछ । त्यस्तै, वर्तमानलाई हामीले कसरी लिन्छौं, त्यसबाट हाम्रो भविष्य निर्धारण हुन्छ। त्यसैले हामीले आफ्नो वर्तमानको पनि मूल्याङ्कन गर्न जरुरी छ।

वर्तमानका सुन्दर कर्म र दृष्टिकोणहरू भविष्यका सञ्चित धन हुन्। हामी सबैले हाम्रो वर्तमान जीवनप्रतिको विश्वास के हो, यो जीवन मेरो निम्ति कति बोझिलो, सामान्य, ठीकै वा चुनौतीपूर्ण र रमाइलो वा पीडादायी भन्ने कुराको विश्लेषण गर्दै सकारात्मक भावका साथ अगाडि बढेमा सुरक्षित गन्तव्यमा पुग्न सकिन्छ। वर्तमान सुन्दर भए, भविष्य आफैं सुनिश्चित हुन्छ । बुद्धले पनि वर्तमान र भविष्यका बारेमा यसो भनेका छन्–

अतीतको पिछा न गर,
भविष्यको भ्रमजालमा पनि न फस,
अतीत व्यतीत भयो,
भविष्य अझै अनगत छ ।

यहाँ अहिले यस क्षण जीवन जस्तो छ, त्यसैलाई धारणा गर, त्यसलाई सुन्दर बनाउने कोशिश गर । आजलाई सुन्दर बनाउन सकियो भने भोलि त आफैं सुन्दर भएर आउँछ। स्थिरता र मुक्त भावमा नबाँच, भोलिको प्रतीक्षा गऱ्यौ भने विलम्ब हुनेछ। मृत्युले अचानक थिच्नेछ। त्यससँग हामीले के सम्झौता गर्न सक्छौं र ? सज्जनहरू त्यसैको आह्वान गर्दछन्, जो दिन र रात सचेतन अवस्थामा जाग्रत रहन्छन्। जसलाई थाहा हुन्छ, भविष्यको सुन्दर मार्ग के हो ? तिनैले नै वर्तमानलाई सुन्दर बनाउँछन्।

त्यसैले अभावप्रतिको गुनासोभन्दा समृद्धिको लागि चाहना, विगतको असफलताप्रतिको नैराश्यताभन्दा भविष्यको उपलब्धिप्रतिको प्रतिबद्धता, घृणा र शत्रुताभन्दा प्रेम र मित्रता, फुटेको कर्म भन्दै भाग्यलाई सराप्नुभन्दा बाँकी जीवनको भाग्य निर्माण गर्न पाइला चाल्नु, अरूको प्रगतिको तुलना गर्दै त्यसप्रति डाह वा ईर्ष्या मात्र गर्नुभन्दा आफ्नै जीवनको यात्राप्रति आत्मगौरवको अनुभूति गर्नु, अँध्यारोप्रतिको असन्तुष्टिभन्दा उज्यालोप्रतिको आशा गर्नु नै श्रेयष्कर हुन्छ। आजसम्म गुनासोले प्राप्ति दिएको र प्रशंसा र प्रतिबद्धताले विनाश गरेको प्रमाण कहीं भेटिएको छैन ।

जीवनको यात्रामा जे भेटिन्छ, त्यसलाई माया गर्नु महानता हो। गलती वा कमजोरीलाई पनि अङ्कमाल गर्दा केही बिग्रिंदैन तर त्यसबाट शिक्षा लिंदै सकारात्मक बाटोमा हिंड्न सकियो भने त्योभन्दा महत्त्वपूर्ण सिकाइ के हुन सक्ला र ? नवीन सिर्जना गर्नु नै जीवनको लक्ष्य बनाइयो भने जीवनका सबै प्रश्नको उत्तर हामीसँग हुने रहेनछ। आज हामीले बाँचेको जिन्दगी कसैका लागि ठूलो सपना हो, त्यसैले आफ्नो जिन्दगीप्रति गर्व गरौं। हाम्रो गतिमा ईर्ष्या गर्ने मानिस स्वाभाविकरूपमा हुन्छन् । उपलब्धि र आलोचना एकअर्काका असल मित्र हुन्, यी दुवै सँगसँगै सवार गर्दछन्। त्यसैले उपलब्धिमा आफ्नो आलोचना गर्नेहरूको पिछा नगरौं, बरु कर्मको यात्रा निरन्तर अघि बढाऔं, उनीहरू आफैं पाखा लाग्नेछन्।

दैनिक जीवनमा जब हामी हाम्रा विश्वास परिवर्तन गर्छौं, तब हामीले अपेक्षा परिवर्तन गर्न सक्नेरहेछौं। जब हामी हाम्रो अपेक्षा परिवर्तन गर्छौं, तब हामी हाम्रो दृष्टिकोण परिवर्तन गर्न सक्नेछौं। जब हाम्रो दृष्टिकोण परिवर्तन हुनेरहेछ, तब हाम्रो व्यवहार परिवर्तन हुनेरहेछ । जब हामी हाम्रो व्यवहार परिवर्तन गर्छौं, तब हामी हाम्रो कार्यसम्पादनमा परिवर्तन पाउँछौं। जब हाम्रो कार्यसम्पादन परिवर्तन हुन्छ, तबमात्र हामी हाम्रो जीवन परिवर्तन गर्न सक्नेरहेछौं।

जीवन गुनासोको पेटारो होइन, बरु खुशी र आनन्दको सुन्दर बगैंचा हो, जहाँ लाखौं सुगन्धित फूल सुगन्धको सार र सौन्दर्यको बहार लिएर लहराइरहेका छन्। यो सृष्टिमा हामी रुन आएका होइनौं। हामीलाई प्रकृतिले हाँस्न, खेल्न र जित्न पठाएको हो। शक्ति, समझदारी, सन्तुलन, सहकार्य, सन्तुष्टि जस्ता सम्पदा लिएर जन्मेका हामी अलाप–विलाप गरेर बाँच्नै पर्दैन । निराशाले गुनासा मात्र जन्माउँछ, गुनासाले प्रसन्नता हरण हुन्छ। प्रसन्नता हरण हुँदा निर्माणभन्दा विध्वंस बढी हुन्छ, विध्वंसले विनाशलाई सहयोग पुऱ्याउँछ। त्यसैले प्रसन्नतालाई जीवनको संस्कार बनाऔं र सकारात्मक जीवन बाँचौं । जीवनमा आइपरेका चुनौतीहरूलाई स्वीकारौं। जे हुन्छ, राम्रै हुन्छ। जे भइरहेको छ, राम्रै भइरहेको छ भन्ने सकारात्मक धारणा राखेर अगाडि बढेमा सोही अनुरूपको नतीजा पनि प्राप्त हुन्छ। यसै सन्दर्भमा एउटा प्रसङ्ग यस्तो छ–

टेक्ने लट्ठी बनाउन लाग्दा राजा विराटको हात काटिएछ। हात काटिएको देखेपछि मन्त्रीले भने, "सरकार नआत्तिनुहोस्, जे भयो–राम्रो भयो," भन्दै औषधोपचार गरिरहेका थिए ।

यो सुनेर राजाले आश्चर्यभावले प्रश्न गरे, "के भनेको मेरो हात काटिएको पनि राम्रो भयो र ?" मन्त्रीले उत्तर दिए– "हो, सरकार, राम्रो भयो ।"

त्यसपछि राजालाई मन्त्रीमाथि शङ्का लाग्यो र सोच्न थाले । यो मन्त्री मेरो शुभचिन्तक होइन रहेछ। हात काट्दा त राम्रो भयो भन्छ, मेरो टाउको काटियो भने झन् राम्रो भयो भन्छ होला। त्यसैले यस मन्त्रीलाई सजाय दिनुपर्छ भन्ने सोची उसलाई थुन्ने आदेश दिए र मन्त्री थुनिए।

केही दिनपछि राजा सेनाको साथ लागेर घना जङ्गलमा शिकार खेल्न गए। शिकारको खोजी गर्दागर्दै राजा र सेनाबीच बिछोड भयो। राजा अलपत्रमा पर्दै सेनाको खोजीमा हिंडे। हिंड्दाहिंड्दै जङ्गलमा नै रात पऱ्यो तर सेनासँग भेट हुन सकेन । राजा निराश भएर भौंतारिरहेका बेला राक्षससँग जम्काभेट भयो र राक्षसले मीठो खानेकुरा भेटियो भनेर राजा विराटलाई लिएर गयो। राक्षसहरू शिकार भेटेपछि वनदेवीलाई भोग नचढाइ नखाने रहेछन्। त्यसैले राजालाई वनदेवीको मन्दिरमा लिएर गए । वनदेवीलाई भोग दिंदा कुनै पनि खोट र चोटपटक भएको नहुने रहेछ। त्यस कारण राजा विराटलाई भोग दिने क्रममा कुनै खोट छ कि भनेर हेर्दा हातमा काम्रो बाँधेको देखियो र राजा भोगका लागि उपयुक्त नभएको भनी राक्षसहरूले 'जा बाँचिस्' भनी छोडिदिए ।

त्यसपछि राजाको आँखा खुल्यो। मन्त्रीले जे भयो राम्रै भयो भनेको ठीक रहेछ। मैले बेकारमा उसलाई थुनेछु भनी पछुतो लाग्यो र सोच्दा–सोच्दा उज्यालो पनि भयो। सेनासँग पनि भेट भयो र दरबार गई आफूले शिकार खेल्ने क्रममा भोगेका सबै कुरा सुनाइ मन्त्रीसँग माफी मागे। पुनः मन्त्रीको उत्तर आयो, "पीर नगर्नु होला सरकार, जे भयो–राम्रै भयो।"

फेरि राजाले सोधे, "तिमीलाई थुनेको पनि राम्रै भयो ?" मन्त्रीले जवाफ दिए, "हो सरकार, राम्रो भयो।" फेरि राजाले प्रश्न गरे, "कसरी ?" मन्त्रीले उत्तर दिए, "सरकार तपाईंले मलाई नथुनेको भए, म पनि तपाईंसँगै हुन्थें। हामी दुवै राक्षसको कब्जामा पर्थ्यौं । तपाईंको त खोट थियो, तपाईं बाँच्नुहुन्थ्यो। म मर्थें। त्यसैले तपाईंको हात काटियो र तपाईं बाँच्नुभयो। म थुनिएँ, म बाँचें।"

"त्यसैले जे भयो–राम्रै भयो । जे भइरहेको छ–राम्रै भइरहेको छ । जे हुनेवाला छ–राम्रै हुनेछ भनेको हुँ, सरकार," मन्त्रीका यस्ता कुरा सुनेपछि चित्त बुझाएका राजाले मन्त्रीलाई स्याबासी दिंदै छाडिदिए र पूर्ववत् उनलाई साथमा लिएर हिंड्न थाले ।

कहिलेकाहीं आफूभन्दा सानाले भनेको कुरा पनि मान्नुपर्दछ । आफ्नो चित्त सफा राखौं । सबैको भलो चिताऔं । सुविचार राखौं, जे हुनुपर्ने छ, त्यो भएर नै छाड्छ । हामीले हुने कुरालाई टार्न सक्दैनौं । जे छ त्यसैमा सन्तोष गर्न सिक्नुपर्दछ। भविष्यको किन चिन्ता गर्ने ? बरु वर्तमान राम्रो बनाए, भविष्य त्यसै सुन्दर भएर आउँछ । कतिपय कुरा तत्कालका लागि नमीठा र असान्दर्भिक लागे पनि अन्ततः ती समयानुकूल पनि हुन सक्छन्। एकै वचनमा, एकै भेटमा, एकै प्रसङ्गमा कुनै पनि मानिसको मूल्याङ्कन गरी सजाय वा पुरस्कार दिइहाल्नुहुँदैन।

त्यसैले सकारात्मक मान्छेले जीवनलाई फूलको रूपमा हेर्छ भने नकारात्मक मानिसहरू काँढाको रूपमा। मानिसको जीवन समुद्र जस्तै हो–धेरै जटिल, गहिरो, अमूल्य, शक्तिशाली र प्रेरणादायी। लाखौं विचारको स्रोत, लाखौं खुशी र पीडाको पनि स्रोत, मायाको स्रोत, सारा सन्तुष्टिको स्रोत। यही अथाह स्रोतभित्रका हामी मानव हाँसेर बाँचौं, कर्म गरेर बाँचौं, अरूलाई बचाएर बाँचौं। अरूलाई बचायौं भने हामीलाई त उनीहरूले नै बचाउनेछन्। तर हामी सामान्यभन्दा सामान्य अर्थात् दैनिक जीवनमा आफैंले गर्न सक्ने काम पनि गर्न हिच्किचाउँछौं, अरूको भर पर्दछौं भने हामी परनिर्भरतामा विश्वास गर्दछौं। यसै विषयमा एउटा सानो प्रसङ्ग यहाँ प्रस्तुत छ–

एकपटक एकजना मानिस गाँधीजीलाई भेट्न आएको रहेछ। उसले लगाएको लुगा ठाउँठाउँमा च्यातिएका रहेछ। गाँधीका आँखा च्यातिएका ठाउँमा पुगे । त्यो मानिसले गाँधीदेखि लज्जित हुँदै भन्यो, "हजुर, पत्नी माइत गएकी थिइन्, त्यसैले यो सिलाउनै पाइनँ।" गाँधीजी मुसुक्क हाँसे। सियोधागो निकाले र एकैछिनमा आफैंले सिलाइदिए। त्यो मानिस त लाजले भुतुक्कै भयो । गाँधीजीलाई हेर्न पनि सकेन । त्यस दिनदेखि आफ्नो काम आफैं गर्न थाल्यो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## के कोभिड-१९ को खोप बालबालिकाका लागि सुरक्षित छ ?

संयुक्त राज्य अमेरिका, १३ कात्तिक/एपी

लामो समयदेखि विश्व आक्रान्त पारिरहेको कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण गर्नका लागि अनेक प्रयास गरिए पनि यो पूर्णरूपमा नियन्त्रण हुन सकेको छैन ।

विभिन्न किसिमका खोप उत्पादन भइरहेका छन् तर ती बालबालिकाका लागि कतिको प्रभावकारी छन् भन्ने कुरा अझै अनुसन्धानको विषय बनिरहेको छ।


तस्वीरः एपी

यसै सन्दर्भमा लौरान निर्गाडिको एक सर्वेक्षणले बताए अनुसार १२ देखि १७ वर्षका लाखौं बालबालिकाले अमेरिकामा सुरक्षितरूपमा फाइजर खोप लगाएपछि हाल अमेरिकाले यसको प्रभावकारिताबारे थप अनुसन्धान गरिरहेको छ।

तीमध्ये ५ देखि ११ वर्षका बालबालिका र वयस्कलाई दिइने खुराकको एक तिहाइ मात्रा दिइने गरेको छ। खाद्य र औषधि प्रशासनले शुक्रवार बच्चालाई अनुकूल हुने प्रकारको मात्रा तयार पारेर रोग नियन्त्रण तथा रोकथाम केन्द्रलाई सिफारिश गरेको छ।

यो खोपको बालबालिकामा पर्ने नकारात्मक असरबारेमा अध्ययन भइरहेका बेला एमोरी विश्वविद्यालयका बाल हृदयरोग विशेषज्ञ डा म्याथ्यू ओस्टरले खोपपछि कहिलेकाहीं बच्चामा पनि विभिन्न खालका असर देखिन सक्ने हुन्छ, जसलाई कोरोना भाइरस सङ्क्रमणपछि मल्टिसिस्टम इन्फ्लेमेटरी सिन्ड्रोम भनिन्छ भनेर औंल्याएका छन्।

केही बालबालिका र वयस्यमा मुटु सुन्निनेलगायतका गम्भीर नकारात्मक असर देखिने गरेको पनि उनले बताए। तर खोपले काम गर्न थालेपछि यस्ता सामान्य समस्या आफैं निको हुने पनि विज्ञले बताएका छन्। रासस

## चीनसँग पुनर्मिलनबाहेक ताइवानको कुनै भविष्य छैन -विदेशमन्त्री वाङ यी

इटाली, १३ कात्तिक/एएनआई

चिनियाँ विदेशमन्त्री वाङ यीले शुक्रवार ताइवानले चीनसँग पुनर्मिलन गर्नुबाहेक अर्को कुनै विकल्प नभएको र चीनको हिस्सा हुनुबाहेक यसको कुनै अन्तर्राष्ट्रिय कानूनी हैसियत पनि नभएको बताएका छन्।

संयुक्त राष्ट्रसङ्घमा ताइवानको अर्थपूर्ण सहभागिताको लागि अमेरिकाले आह्वान गरेको प्रतिक्रियास्वरूप उनले यस्तो टिप्पणी गरेका हुन्।

रोममा हुने जी-२० शिखर सम्मेलनअघि वाङ यीले अमेरिका र केही अन्य देशले एक चीन सिद्धान्तलाई रोक्न नसक्ने बताएका छन्।

मन्त्री वाङले एक चीनको विपक्षमा रहन खोज्ने २१औं शताब्दीमा सफल हुने सम्भावना धेरै कम रहेको र यदि तिनीहरू निरन्तर त्यसै किसिमले सक्रिय रहे भने ठूलो मूल्य चुकाउनुपर्ने बताएका छन्। अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले मङ्गलवार संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रलाई संयुक्त राष्ट्र प्रणालीमा ताइवानको अर्थपूर्ण सहभागितालाई समर्थन गर्न आह्वान गरेपछि वाङको यस्तो टिप्पणी आएको हो।

ब्लिन्केनले एक विज्ञप्तिमा भनेका छन्- हामी सबै संयुक्त राष्ट्र सदस्य राष्ट्रलाई संयुक्त राष्ट्र प्रणालीमा र


चिनियाँ विदेशमन्त्री वाङ यी। तस्वीरः फाइल

अन्तर्राष्ट्रिय समुदायमा ताइवानको बलियो, अर्थपूर्ण सहभागितालाई समर्थन गर्न हामीसँग सामेल हुन प्रोत्साहित गर्छौं। ताइवानका विमानस्थलमार्फत वार्षिक दशौं लाख यात्रु यात्रा गर्ने गरे पनि ताइवानले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन आइसिएओको त्रिवार्षिक सम्मेलनमा प्रतिनिधित्व गरेको थिएन।

सन् १९७१ मा चीनले आफ्नो ठाउँ लिएपछि ताइवानले संयुक्त राष्ट्रसङ्घ छोडेको थियो। त्यसयता ताइवानलाई महासभा र अन्य विश्व मञ्चमा सहभागी हुनबाट वञ्चित गरिएको छ। रासस

## चीनले एक महीनाभित्र कोरोना नियन्त्रण गर्न सक्छ -महामारी विशेषज्ञ

ग्वाङ्झोउ, १३ कात्तिक/सिन्हवा

चीनका वरिष्ठ महामारी विशेषज्ञ झोङ नानसानले चीनले एक महीनाभित्रै कोभिड-१९ को पछिल्लो सङ्क्रमणलाई प्रभावकारीरूपमा नियन्त्रण गर्न सक्ने बताएका छन्।

देशका विभिन्न भागमा छिटपुट मामिला रिपोर्ट गरिएकाले शनिवार चिकित्सको वेबिनारमा बोल्दै महामारी विशेषज्ञ झोङले उक्त टिप्पणी गरेका हुन्।

कोरोना भाइरस र महामारीलाई छोटो अवधिमा उन्मूलन गर्न सकिंदैन, झोङले अन्य देशलाई कोभिड-१९ विरुद्ध कडा र प्राथमिकताका उपायहरू अपनाउन र सक्रियरूपमा खोप लगाउन आह्वान गरेका छन्।

झोङले यस वर्षको अन्त्यसम्ममा ८० प्रतिशतभन्दा बढी चिनियाँ बासिन्दालाई पूर्णरूपमा खोप लगाइसकिनेमा आफू आशावादी रहेको बताए। रासस

## नाइट क्लबमा पाँचजनाको हत्या


प्रहरी नियन्त्रणमा पक्राउ परेका दुईजना। तस्वीरः एएनआई

पनामा सिटी, १३ कात्तिक/एएनआई

पनामा सिटीको एक नाइट क्लबमा स्थानीय गिरोहबीच गोली हानाहान हुँदा पाँचजनाको मृत्यु भएको छ भने अन्य छजना घाइते भएका छन्।

पनामाका राष्ट्रिय प्रहरी आयुक्त रिकोर्टे डे ला एस्पाडाले ट्वीटरमा उल्लेख गरे अनुसार शनिवार बिहान एस्पेसियो पानामा नाइट क्लबमा दुर्भाग्यपूर्ण घटना भएको थियो, जसमा पाँच व्यक्तिको मृत्यु भएको थियो र छजना घाइते भएका थिए।

घटना आपराधिक गिरोहबीचको भिडन्तको परिणाम भएको जनाइएको छ।

प्रहरीले यसअघि नै दुईजनालाई पक्राउ गरिसकेको छ र क्लबमा भएको घटनासँग जोडिएका कार र हतियार बरामद गरेको छ। रासस

## सालको गोलिया बरामद

प्रस, पर्सागढी, १३ कात्तिक/

सबडिभिजन वन कार्यालय सबैया र सबैया साझेदारी वनको संयुक्त गस्ती टोलीले शनिवार बिहान एक थान सालको गोलिया बरामद गरेको छ।

फरेस्टर पुरुषोत्तम पटेल नेतृत्वको गस्ती टोलीले वीरगंज महानगर-२९ बसडिल्वाबाट साइकलमा लोड गोलिया बरामद गरेको हो।

## शुभकामना आदानप्रदान

प्रस, पर्सागढी, १३ कात्तिक/

नेपाली काङ्ग्रेस, वीरगंज महानगर-३१ को आयोजनमा शुभकामना



आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।

दीपावली तथा छठ पर्वको अवसरमा शेख महम्मद हैदरको अध्यक्षता भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि संविधानसभा सदस्य अनिल रूँगटाले गरेका थिए।

उनले देश र प्रदेशलाई विकासको बाटोमा लैजानका लागि नेपाली काङ्ग्रेसको सरकारबाट मात्र सम्भव हुने बताए। उनले प्रदेश सरकार भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाए।

कार्यक्रममा वीरगंज महानगरकी उपप्रमुख शान्ति कार्की, वडाध्यक्ष चुमनप्रसाद गौरो, नेका पर्साका कोषाध्यक्ष इम्तियाज मियाँ, महाधिवेशन प्रतिनिधि जतनराउत कुर्मी, केदार पटेललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण रामाकान्त चौधरीले गरेका थिए।

## ज्येष्ठ नागरिकलाई कम्बल वितरण

प्रस, वीरगंज, १३ कात्तिक/

वीरगंज महानगरपालिका-१८ भवानीपुरमा शनिवार ज्येष्ठ नागरिकहरूलाई कम्बल वितरण गरिएको छ।

पर्सा सीपमूलक तालीम केन्द्रको आयोजनामा वडा नं १८ का ३५० जना ज्येष्ठ नागरिकलाई वडा कार्यालय-१८ ले कम्बल वितरण गरेको हो।


तस्वीरः प्रतीक

वडा सचिव घनश्यामप्रसाद कुर्मीको सभापतित्वमा भएको कार्यक्रममा वडाध्यक्ष ब्रह्मदेवप्रसाद कुर्मी, वडाका सहसचिव दीपेन्द्रप्रसाद कुर्मी, सुरेश कुर्मी, विक्रम पटेललगायतको सहभागिता थियो।

## आँखा शिविरमा ५३ जनामा मोतीबिन्दु

प्रस, वीरगंज, १३ कात्तिक/

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत इलाका प्रहरी कार्यालय प्रसौनीको आयोजनामा शनिवार निश्शुल्क आँखा तथा दन्त शिविर सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

शिविरमा महिला र पुरुष गरी १२० जनाको आँखा तथा दाँत चेकजाँच गरिएकामा ५३ जनामा मोतीबिन्दु फेला परेको थियो।

मोतीबिन्दु भएका बिरामीहरूको निश्शुल्क शल्यक्रिया गरिने सामुदायिक आँखा अस्पताल वीरगंजका महेशसिंह धामीले बताए। शिविरको उद्घाटन बारा प्रहरीका प्रमुख प्रहरी उपरीक्षक दीपेन्द्र शाहीले गरेका थिए।

प्रहरी निरीक्षक विन्देश्वर यादवको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल तरुण दल बाराका अध्यक्ष लुकेश सिंह, प्रहरी नायब उपरीक्षक गौतम मिश्र, प्रियङ्का साह, पत्रकार राम सर्राफलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## हन्ड्रेड्स ग्रुपले वार्षिकोत्सव सम्पन्न

प्रस, परवानीपुर, १३ कात्तिक/

सामाजिक क्षेत्रमा काम गर्ने वीरगंजका युवाहरूको समूह 'हन्ड्रेड्स ग्रुप' पर्साको प्रथम वार्षिकोत्सव शनिवार सम्पन्न भएको छ। जिल्ला समन्वय समिति पर्साको सभाहलमा आयोजित कार्यक्रममा विविध कार्यक्रम गरी वार्षिकोत्सव मनाइएको थियो।

सो अवसरमा संस्थाका पदाधिकारी, स्वयंसेवक, डा सुषमा तिवारी द्विवेदी, डा उदयनारायण सिंह, पर्साका प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनाल, ग्रीनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतान, सामाजिक अभियन्ता प्रकाश थारू, राजेश यादव, सानो पाइलाका जय साह, सञ्चारकर्मीलगायत डेढ दर्जनभन्दा बढी व्यक्ति तथा विभिन्न सङ्घसंस्थालाई सम्मानित गरिएको थियो। संस्थाका अध्यक्ष विनय गिरीको सभापतित्व र समाजसेवी एवं उद्योगी सुरेश रूँगटाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा साउथ जोन विद्यालयका छात्राहरूले नृत्य र अन्य कलाकारले आआफ्नो प्रस्तुति देखाएका थिए।



तस्वीरः प्रतीक

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – राज्यलाभ | कन्या – वादविवाद |
| तुला – यात्रालाभ | वृश्चिक – कडापरिश्रम |
| धनु – सुसमाचार | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे


### साउथ सिटी हिमाल हस्पिटल प्रा.लि., भिस्वा, वीरगंजको प्रसूति अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सुनुवाइबारेको सूचना

**(प्रकाशित मिति : २०७८ कात्तिक १४ गते, आइतवार)**

यस साउथ सिटी हिमाल हस्पिटल प्रा.लि.द्वारा वीरगंज महानगरपालिका, वडा नं १५, पर्सा, प्रदेश नं २ मा प्रस्तावित प्रसूति अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षणसम्बन्धी सार्वजनिक सुनुवाइ कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने हुँदा आयोजना निर्माण तथा सञ्चालनले त्यस क्षेत्रको वातावरणमा पर्न सक्ने प्रभावहरूका सम्बन्धमा रायसुझाव र प्रतिक्रिया लिन प्रस्ताव क्षेत्रका स्थानीय बासिन्दा, सरकारी एवं गैरसरकारी सङ्घसंस्था, सम्बन्धित वडा प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सरोकारवाला निकाय एवं व्यक्तिहरूलाई कार्यक्रममा उपस्थित भई रायसुझाव एवं प्रतिक्रिया पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**सार्वजनिक सुनुवाइ हुने स्थान** : साउथ सिटी हिमाल हस्पिटल प्रा.लि., भिस्वा प्राङ्गण ।

**मिति** : २०७८ कात्तिक १६ गते, मङ्गलवार ।

**समय** : दिउँसो २:०० बजे ।


### 'ज्येष्ठ नागरिकलाई सम्मान गरौं'

- ज्येष्ठ नागरिकलाई सम्मान, आदर र सहजताको लागि उन्नत संस्कृतिको विकास गरौं ।
- उहाँहरुसँग रहेको अपार ज्ञान, सीप र अनुभवलाई महानगरको विकासमा उपयोग गरौं ।

**वीरगंज महानगरपालिका**

# नेकपा (एस) चाँडै सरकारमा सहभागी हुन्छ –मुख्यमन्त्री

प्रस, वीरगंज, १३ कात्तिक/

नेकपा (एकीकृत समाजवादी) पार्टी वीरगंज महानगर कमिटीको आयोजनामा शनिवार वीरगंजमा दीपावली तथा छठ पर्वको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा प्रदेश २ का मुख्यमन्त्री लालबाबूराउत गद्दीले नेकपा (एस) चाँडो प्रदेश सरकारमा सहभागी हुने बताए। उनले नेकपा (एस)लाई प्रदेश सरकारमा सहभागी गराउने तयारी भइरहेको बताए। जुन पार्टीमा व्यक्तिवादी प्रवृत्ति हाबी हुन्छ, त्यो पार्टी लोकतान्त्रिक नहुने बताउँदै मुख्यमन्त्री गद्दीले यस्तो कार्यको विद्रोह गरेर बनेको एकीकृत समाजवादी पार्टीको भविष्यको उज्जवल रहेको चर्चा गरे।

कार्यक्रममा नेकपा एकीकृत समाजवादी पार्टीका सचिव नागेन्द्र




चौधरीले संविधानको रक्षाको लागि प्रतिगमनको विरोधमा आफुहरूले विद्रोह गरि नयाँ पार्टी गठन गरेको बताए। नेता तथा कार्यकर्ताहरू पुराना भएपनि सङ्गठन नयाँ रहेको उनको भनाई थियो। नेकपा एमालेमा व्यक्ति हावी हुँदै गएको र त्यसले लोकतन्त्र नै खतरा पर्ने सम्भावना देखिएकोले आफुहरू विद्रोह गरेर छुट्टै पार्टी बनाउनु परेको उनले बताए।

एकीकृत समाजवादी वीरगंज महानगर अध्यक्ष मनोज चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशका खानेपानी तथा उर्जामन्त्री ओमप्रकाश शर्मा, वीरगंज महानगरपालिकाकी उपमेयर शान्ती कार्की, लोहियावादी पार्टीका अध्यक्ष डा. नन्दन यादव, एकीकृत समाजवादीका पोलिटब्यूरो सदस्य रामचन्द्र साह, दिनेश राई, चिरञ्जीवी आचार्य, केन्द्रिय सदस्य एवं जिल्ला अध्यक्ष बालगोपाल थापा, जसपाका पर्साका सचिव तबरेज अहमद, लोसपाका नेताहरू नेजामुदिन समानी, पुरूषोतम झा, ओमप्रकाश सर्राफ, उद्योग वाणिज्य महासङ्घका प्रदेश अध्यक्ष गणेश लाठ, वीरगंज उधोग वाणिज्य सङ्घका अध्यक्ष डा. सुबोध गुप्ता, पुर्व अध्यक्ष अशोक टेमानी, नेपाली काङ्ग्रेस पर्साका उपाध्यक्ष दिना गुप्ता, सचिव श्याम पटेल, नेता रामनारायण कुर्मी, नेकपा माओवादी केन्द्रका नेताहरू बाबुराम कौसिक, रामबाबु बैठालगायतको सहभागिता थियो। कार्यक्रमको सञ्चालन नेकपा एकीकृत समाजवादीका वीरगंज माहानगर सचिव बृजलाल पासवानले गरेका थिए।

## मास टावरलाइटको उद्घाटन

प्रस, वीरगंज, १३ कात्तिक/

पर्साका सङ्घीय सांसद प्रदीप यादवले संसदीय विकास कोषबाट वीरगंज महानगरपालिका–३१ टेढाटोलमा नवनिर्मित मास टावर लाइटको शनिवार उद्घाटन गरेका छन्।

सो अवसरमा सांसद यादवले जनताको माग अनुसार आफूले टावर लाइट जडान गरेको र अब यसको संरक्षण जिम्मेवारीपूर्वक गर्न सुझाए।

# प्रदेश १ का पर्यटन तथा होटल व्यवसायीहरूको स्वागत

प्रस, वीरगंज, १३ कात्तिक/

प्रदेश नं १ बाट आएका पर्यटन तथा होटल व्यवसायीहरूलाई वीरगंजमा स्वागत गरिएको छ।

वीरगंज उद्योग वाणिज्य सङ्घ, नेपाल उद्योग वाणिज्य सङ्घ प्रदेश २ र पर्यटन हवाई यातायात व्यवसायी समितिले प्रदेश १ को पर्यटन तथा होटल व्यवसायी सङ्घका अध्यक्ष राजन श्रेष्ठ नेतृत्वको टोलीलाई स्वागत गरेको हो।

नेउवासङ्घ प्रदेश २ का अध्यक्ष गणेश लाठ नेतृत्वको टोलीले स्वागत गरेको थियो।

वीरगंज उद्योग वाणिज्य सङ्घमा भएको कार्यक्रममा दुवै प्रदेशको व्यवसाय प्रवर्द्धन र अन्तर्सम्बन्ध विकास गर्न जोड दिइएको थियो। सहभागीहरूले धार्मिक, सांस्कृतिक र प्राकृतिकरूपमा दुवै प्रदेशमा पर्यटनको सम्भावना प्रचुर रहेको भन्दै पूर्वाधार विकास नहुँदा यो व्यवसाय ओझेलमा परेको निष्कर्ष निकालेका थिए।

कार्यक्रममा वीरगंजका पर्यटन, होटल उद्योगी–व्यवसायीले भारतीय




पर्यटकहरूको सम्मान गर्नुपर्ने र उनीहरूलाई आकर्षित गर्न प्याकेजको व्यवस्था गर्नुपर्ने सुझाव दिएका थिए।

दुवै पक्षबीच आगामी बैठक प्रदेश १ को पर्यटकीय क्षेत्र भेडेटाँडमा गर्ने सहमति भएको बताइएको छ।

कार्यक्रममा वीउवासङ्घका अध्यक्ष डा सुबोध गुप्ता, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्षद्वय हरि गौतम, माधव राजपाल, सचिव मनोज दास, सहसचिव अनोज रूँगटा, पर्यटन तथा हवाई यातायात समितिका सहसचिव सञ्जय अग्रवाल, नेपाल युवा उद्यमी मञ्च वीरगंजका अध्यक्ष अनुप अग्रवाल, होटल मकालुका सञ्चालक मोहन प्रधानलगायतले दुवै प्रदेशमा पर्यटकीय सम्भावना रहेको र सहकार्य गरेर अगाडि बढ्नुपनेमा जोड दिएका थिए।

प्रदेश १ बाट होटल व्यवसायी महासङ्घका संस्थापक अध्यक्ष मनिन्द्रबहादुर कटवाल, भाविसकुमार श्रेष्ठ, महासचिव वासुदेव बराल, सुनसरी उद्योग वाणिज्य सङ्घकी एलिना मगर, बर्दिवासका होटल व्यवसायी दीपेन्द्र पराजुलीलगायत सहभागी थिए। कार्यक्रमको सहजीकरण वीउवासङ्घका प्रशासकीय अधिकृत मनोज उपाध्यायले गरेका थिए।




- जनगणनामा तथ्याङ्क सङ्कलन गर्दा घरधनीको मात्र होइन, घरभाडामा बस्ने व्यक्तिहरूले हाल बसोबास गरेकै ठाउँबाट विवरण दिनुपर्दछ।
- आफ्नो सत्यतथ्य विवरण ढुक्क भई दिऔं।
- तथ्याङ्क ऐन, २०१५ ले कसैको पनि व्यक्तिगत विवरण देखिने गरी सार्वजनिक गर्न बन्देज गरेकोले केन्द्रीय तथ्याङ्क विभागले सबै विवरण गोप्य राख्नेछ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## ताइकान्दो प्रतियोगिता सम्पन्न

प्रस, परवानीपुर, १३ कात्तिक/

वीरगंज–३ छपकैयामा शुक्रवारदेखि शुरू भएको दुई दिने ताइकान्दो प्रतियोगिता शनिवार सम्पन्न भएको छ। छपकैया ताइकान्दो डोजाङ वीरगंजद्वारा आयोजित प्रतियोगिताको समापन गर्दै प्रमुख अतिथि ताइकान्दोका पूर्वप्रशिक्षक शिवशङ्कर पटेलले खेलप्रति रुचि बढ्नु सराहनीय भएको बताए। उनले यस प्रकारका प्रतियोगिताको आयोजना गरेको खण्डमा खेलाडीहरूको मनोबल बढ्ने बताए। पूर्ववडाध्यक्ष अनवर हुसेनको अध्यक्षतामा भएको समापन कार्यक्रममा वडाध्यक्षहरू बैजु स्वर्णकार र जगतसाह कानू, ताइकान्दोका विजयविक्रम शाह, प्रमोद मानन्धर, गणेशमान सिंहलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। प्रतियोगितामा पर्सा, बारा, रौतहट, मकवानपुर, चितवन, सर्लाहीका करीब ७० जना खेलाडी सहभागी थिए।

प्रतियोगितामा छवटा स्वर्णपदकसहित छपकैया प्रथम, पाँच स्वर्णपदकसहित महोत्तरी दोस्रो र तीनवटा स्वर्णसहित वीरगंज डोजाङ तृतीय स्थान हासिल गर्न सफल भएका थिए।

## मैत्रीपूर्ण क्रिकेट प्रतियोगितामा विपद् व्यवस्थापन टीम विजयी

प्रस, वीरगंज, १३ कात्तिक/

वीरगंजमा शनिवार भएको मैत्रीपूर्ण क्रिकेट प्रतियोगितामा प्रदेश २ विपद् व्यवस्थापनको टीम विजयी भएको छ। दीपावली र छठको अवसरमा समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत प्रदेश २ विपद् व्यवस्थापन गुल्म वीरगंज र यहाँका विभिन्न सङ्घसंस्थाका प्रतितिनिधि सहभागी क्रिकेट प्रतियोगितामा प्रदेश २ विपद् व्यवस्थापन टीम विजयी भएको हो।



जिल्ला प्रहरी कार्यालय पर्साको खेलमैदानमा भएको मैत्रीपूर्ण खेलमा टस जितेर विभिन्न सङ्घसंस्था सम्मिलित टीमले पहिले ब्याटिङ गर्दै निर्धारित दश ओभरको खेलमा सबै विकेट गुमाएर ३५ रन बनाएको थियो। प्रतिउत्तरमा गुल्मले ८ ओभरमा ८ विकेटको क्षतिमा लक्ष्य पूरा गरी विजयी भएको हो।

कार्यक्रममा पर्साका सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खडका, प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्की, ट्राफिक प्रमुख सुमन कार्की, विपद् व्यवस्थापन गुल्मका प्रहरी निरीक्षक नितेशकुमार सिंह, प्रहरी निरीक्षक दिनेश गौतम, पुरुषोत्तम कार्की, शोभनविक्रम राणा, सामुदायिक सेवा केन्द्र मुर्लीका अध्यक्ष राम सर्राफलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण व्यवस्थित वीरगंज अभियानका संयोजक दिलीपराज कार्कीले गरेका थिए।

# अनाथ बालबालिकालाई शैक्षिक सामग्री

प्रस, गरुडा, १३ कात्तिक/

रौतहटको गरुडास्थित वंशीराम जयसवाल अनाथालयका बालबालिकालाई शनिवार एक कार्यक्रमका बीच शैक्षिक सामग्री प्रदान गरिएको छ।

लायन्स क्लब अफ रौतहट चन्द्रपुर फेमिना र लायन्स क्लब अफ रौतहट चन्द्रनिगाहपुरले संयुक्तरूपमा अनाथ बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेका हुन्।

चन्द्रपुरमा नयाँ गठन भएको लायन्स फेमिनाको पहिलो औपचारिक कार्यक्रमको रूपमा अनाथ बालबालिकालाई शैक्षिक सामग्री प्रदान गरिएको कार्यक्रममा जानकारी गराइएको थियो।

फेमिनाकी अध्यक्ष निशा कोइरालाको अध्यक्षता तथा इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख एवं प्रहरी नायब उपरीक्षक श्रीराम भण्डारीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा अनाथालयका ३२ जना बालबालिकालाई झोला, कापी, कलम, सीसाकलम, इरेजर, नेलकटर, खाद्यान्न सामग्री प्रदान गरिएको थियो।

कार्यक्रममा अनाथालयका संस्थापक वंशीराम जयसवाललाई सम्मानित पनि गरिएको थियो।

कार्यक्रममा पत्रकार फणि महत, अनाथालय सञ्चालक हृदय कश्यप, गरुडा उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरेन्द्र लागि स्थापना भइरहेको अक्षयकोषमा योगदान दिनुपर्ने बताएका थिए।


कार्यक्रमपछि सामूहिक तस्वीरमा अनाथालयका बालबालिकालगायत। तस्वीरः प्रतीक

जयसवाल, रेणुका जिसी खतिवडा, प्रनाउ भण्डारीलगायतले अनाथ बालबालिकालाई सकेको सहयोग गर्नुपर्ने बताउँदै सम्भव भएसम्म अनाथ बालबालिकाको दीर्घकालीन सहयोगको

अनाथालयलाई निरन्तर सहयोग गरिरहेको लायन्स क्लब चन्द्रनिगाहपुरले आगामी दिनमा पनि सम्भव भएसम्म सकेको सहयोगलाई निरन्तरता दिने संयोजक दीपक गौतमले बताए।

## बाल क्लबको सक्रियताले बालविवाह रोकियो

प्रस, सर्लाही, १३ कात्तिक/

सर्लाहीको ईश्वरपुर नगरपालिकामा हुन लागेको बालविवाह बाल क्लबको सक्रियताका कारण रोकिएको छ।

नगरपालिकाको झन्झर टोलमा १९ वर्षीया किशोरी र १९ वर्षकै किशोरबीच हुन लागेको विवाह रोकिएको हो।

ग्रामीण नारी उत्थान सङ्घको समुन्नति परियोजना अन्तर्गत गठन भएको सूर्य बाल क्लबका सदस्यहरूले बालविवाह भइरहेको भन्ने जानकारी पाएपछि स्थानीय प्रहरीको सहयोगमा विवाह रद्द गराएका हुन्।


प्रहरी पुग्नुअघि नै दुलहा–दुलही दुवैलाई आआफ्नो घरतर्फ भगाइसकिएकोले विवाहस्थलमा उपलब्ध परिवारका सदस्यलाई नियन्त्रणमा लिई कागज गराएर विवाह बदर गराएको क्लबले जनाएको छ।

उमेर नपुगी विवाह गरेको खण्डमा कानून अनुसार हुने कारबाही र दुवैको स्वास्थ्यमा पर्ने असर एवं उमेर नपुगेकाहरूको दाम्पत्य जीवनबाट जन्मने शिशुको स्वास्थ्यबारे पनि जानकारी गराएर छाडिएको इलाका प्रहरी कार्यालय ईश्वरपुरले जनाएको छ।

## पेशागत महासङ्घको भेला सम्पन्न

प्रस, वीरगंज, १३ कात्तिक/

पेशागत महासङ्घ नेपालको भेला शनिवार वीरगंजमा सम्पन्न भएको छ।



भेलाले रामजीप्रसाद चौहानको अध्यक्षतामा १७ सदस्यीय जिल्ला कार्यसमिति गठन गरेको छ। समितिको उपाध्यक्ष कृष्ण श्रेष्ठ र सचिवमा प्रेम साहलगायत रहेका छन्। भेलामा नेकपा एमाले पर्साका अध्यक्ष प्रभु हजरा, रामदेव दास, प्रद्युम्न चौहान, तेजप्रकाश निषाद, नेपाल पत्रकार महासङ्घ प्रदेश २ का महासचिव श्याम बन्जारा, पर्सा शाखा अध्यक्ष अनुप तिवारीलगायतले मन्तव्य व्यक्त गरेका थिए।